नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४८ | अङ्क ९ | जेठ २०८१ | मे-जुन २०२४

## नेपाल राष्ट्र बैंक ६९ औं वर्षमा प्रवेश

# समष्टिगत आर्थिक स्थायित्व बैंकको प्राथमिकता : गभर्नर अधिकारी




नेपाल राष्ट्र बैंक स्थापनाको ६८ वर्ष पूरा गरी ६९ औं वर्षमा प्रवेश गरेको छ। सो अवसरमा वैशाख १४ गते बैंक परिसर बालुवाटारमा विशेष समारोह सम्पन्न भयो। गभर्नर महाप्रसाद अधिकारीले उक्त समारोहको उद्घाटन गर्नुभएको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै गभर्नर अधिकारीले वित्तीय क्षेत्रसहित समष्टिगत आर्थिक स्थायित्वलाई राष्ट्र बैंकले सधैं प्राथमिकतामा राखेको विचार व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "वित्तीय स्थायित्वका लागि विभिन्न नियमनकारी व्यवस्था गरिएको छ। वित्तीय क्षेत्रसहित समष्टिगत आर्थिक स्थायित्वलाई बैंकले सदैव प्राथमिकतामा राख्दै आएको छ।"

आर्थिक गतिविधिमा आएको शिथिलताका कारण बैंक तथा वित्तीय संस्थाको कर्जा असुली प्रभावित भई निष्क्रिय कर्जा अनुपात बढ्दै गएको उहाँको भनाइ थियो। तथापि, तरलताको स्थितिमा उल्लेख्य सुधारसँगै ब्याजदर घट्दो क्रममा रहेकाले आर्थिक गतिविधिमा क्रमिक सुधार हुने अपेक्षा रहेको गभर्नर अधिकारीले बताउनुभयो। "शोधनान्तर बचत र मूल्यमा परेको चाप कम हुँदै गएकाले नीतिगत कार्यदिशालाई क्रमशः सहज बनाउँदै लगिएको छ। यसबाट आर्थिक गतिविधिमा क्रमिक सुधार हुने अपेक्षा छ," उहाँले भन्नुभयो।

राष्ट्र बैंकका प्रथम गभर्नर स्व.हिमालय शमशेर जबराको सम्झनामा प्रत्येक वर्ष 'हिमालय शमशेर मेमोरियल लेक्चर' आयोजना गरिने जानकारी गभर्नर अधिकारीले दिनुभयो। सम्बोधनका क्रममा गभर्नर अधिकारीले चालु आर्थिक वर्षमा नेपाल राष्ट्र बैंकबाट भएका महत्त्वपूर्ण कार्यसम्पादनको विवरणसमेत प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा नेपालको आर्थिक, वित्तीय, मौद्रिक तथा व्यवस्थापकीय क्षेत्रमा पुर्‍याउनुभएको योगदानको कदरस्वरूप पूर्व गभर्नर दीपेन्द्रपुरुष ढकाललाई सम्मान गरिएको थियो। गभर्नर अधिकारीले उहाँलाई दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गर्नुभयो। सो अवसरमा पूर्व गभर्नर ढकालले आफ्नो नेतृत्वकालको स्मरण गर्दै सो अवधिमा सम्पादन भएका महत्त्वपूर्ण नीतिगत व्यवस्था र सोको कार्यान्वयन पक्षबारे चर्चा गर्नुभयो।

कार्यक्रममा स्वागत मन्तव्य राख्दै वरिष्ठ डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले उद्यमशीलता विकास र रोजगारी सिर्जनामार्फत आन्तरिक उत्पादन अभिवृद्धि गरी आर्थिक विकास र स्थायित्वमा केन्द्रित हुनुपर्ने आवश्यकता औँल्याउनुभयो। कार्यक्रममा डेपुटी गभर्नर बमबहादुर मिश्रले धन्यवाद मन्तव्य राख्नुभएको थियो।

सो अवसरमा नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन, नेपाल राष्ट्र बैंक समितिका अध्यक्ष कृष्ण केसी, नेपाल वित्तीय संस्था कर्मचारी संघ, नेपाल राष्ट्र बैंक समितिका अध्यक्ष राजीव शर्मा रेग्मी, नेपाल राष्ट्र बैंक कर्मचारी संघका



वार्षिकोत्सवका अवसरमा मुलुकभित्र सर्वाधिक विप्रेषण भित्र्याउने तीन वटा बैंक र तीन वटा रेमिट्यान्स कम्पनीलाई प्रशंसापत्र प्रदान गरिएको थियो। बैंकतर्फ ग्लोबल आईएमई बैंक, हिमालयन बैंक र नेपाल एसबीआई बैंक तथा विप्रेषण कम्पनीतर्फ आईएमई, सिटी एक्सप्रेस र ई-सेवा मनी ट्रान्सफरलाई प्रशंसापत्र प्रदान गरिएको हो। यसै गरी, विद्युतीय भुक्तानी कारोबारको प्रवर्द्धनमा उल्लेखनीय योगदान पुऱ्याएबापत खल्ती प्रा.लि. र ई-सेवा प्रा.लि.लाई प्रशंसापत्र प्रदान गरिएको थियो।

कार्यक्रममा पूर्व गभर्नरहरू डा. भेषबहादुर थापा, गणेशबहादुर थापा, विजयनाथ भट्टराई, दीपेन्द्रबहादुर क्षेत्री, डा. युवराज खतिवडा र डा. चिरञ्जीवी नेपाल, बैंकका सञ्चालकहरू मधुकुमार मरासिनी, चिन्तामणि शिवाकोटी, डा. शङ्करप्रसाद आचार्य र डा. रवीन्द्रप्रसाद पाण्डे, पूर्व डेपुटी गभर्नरहरू, विभिन्न नियामक निकायका प्रमुख, बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत, बैंकका उच्च अधिकारी र कर्मचारी, पूर्व कर्मचारीलगायतको उपस्थिति थियो। गभर्नरको कार्यालयका निर्देशक मुक्तिनाथ सापकोटाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

अध्यक्ष गीता पोखरेल लम्साल र नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघका अध्यक्ष सिद्धिकृष्ण जोशीले शुभकामना मन्तव्य राख्नुभएको थियो।

कार्यक्रममा बैंकमा २० वर्ष सेवा अवधि पूरा गरेका तीन जना कर्मचारीलाई 'बीस वर्षे सेवा उपहार' प्रदान गरिएको थियो। यसरी उपहार पाउनेमा बैंकिङ विभागका कार्यकारी निर्देशक विश्रुत थापा, गभर्नरको कार्यालयका निर्देशक डा. डिल्लीराम पोखेल र भुक्तानी प्रणाली विभागका निर्देशक लक्ष्मीप्रसाद प्रसाई हुनुहुन्छ। कार्यक्रममा पदक प्राप्त गर्ने कर्मचारीहरू मध्येबाट बैंकिङ विभागका कार्यकारी निर्देशक विश्रुत थापाले मन्तव्य राख्नुभएको थियो।



वार्षिकोत्सवका अवसरमा बैंकले विभिन्न विभाग/कार्यालयका पाँच जना कर्मचारीलाई 'नेपाल राष्ट्र बैंक सेवा पुरस्कार' प्रदान गरेको छ। जसअनुसार वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाका निर्देशक किरण पण्डितलाई 'नेपाल राष्ट्र बैंक सर्वोत्कृष्ट सेवा पुरस्कार' प्रदान गरिएको छ। यसै गरी, कानुन महाशाखाका उप-निर्देशक सुमन आचार्य, टक्सार महाशाखाका उप-निर्देशक (मेकानिकल) रेवतीकुमार श्रेष्ठ, जनकपुर कार्यालयका सहायक निर्देशक प्रियङ्का ठाकुर र सिद्धार्थनगर कार्यालयका प्रधान चालक सुवराती पठानलाई 'नेपाल राष्ट्र बैंक उत्कृष्ट सेवा पुरस्कार' प्रदान गरिएको थियो।





# वार्षिकोत्सवका अवसरमा विभिन्न अतिरिक्त क्रियाकलाप सम्पन्न




बैंकको ६९ औँ वार्षिकोत्सवको अवसरमा विभिन्न अतिरिक्त क्रियाकलाप तथा खेलकुद कार्यक्रमहरू सम्पन्न भएका छन् ।

६९ औँ वार्षिकोत्सव मूल समारोह समितिको संयोजनमा उक्त कार्यक्रम सम्पन्न भएको हो । वैशाख १३ गते आयोजित कार्यक्रममा गभर्नर महाप्रसाद अधिकारी, डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्रले प्रमाणपत्र, पदक/मेडल र नगद पुरस्कार प्रदान गर्नुभयो ।

यस क्रममा 'आर्थिक लेख प्रतियोगिता'मा गभर्नरको कार्यालयका उप-निर्देशक सिद्धराज भट्टले प्रथम स्थान हासिल गर्नुभयो भने गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागका उप-निर्देशक सचिनराज पिया द्वितीय तथा संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागका सहायक निर्देशक प्रदीपकुमार काफ्ले र बैंक तथा वित्तीय संस्था नियमन विभागका सहायक निर्देशक उत्सवराज पन्तले तृतीय स्थान हासिल गर्नुभएको छ ।

खेलकुदअन्तर्गत अन्तरविभागीय फुटसल प्रतियोगितामा मानव संसाधन व्यवस्थापन विभाग र आन्तरिक लेखापरीक्षण विभागले क्रमश: प्रथम र द्वितीय स्थान हासिल गरेका छन् । यसै गरी, ब्याडमिन्टन प्रतियोगिताअन्तर्गत एक्जिक्युटिभ सिङ्गल्सतर्फ डा. राजनकृष्ण पन्त र दीर्घबहादुर रावलले क्रमश: प्रथम र द्वितीय स्थान हासिल गर्नुभयो भने पुरुष सिङ्गल्समा











धनबहादुर तामाङ र कालु तामाङले क्रमशः प्रथम र द्वितीय स्थान हासिल गर्नुभएको थियो। यस्तै, महिला सिङ्गल्सतर्फ रविना भट्ट प्रथम र अमृता श्रेष्ठ द्वितीय हुनुभयो। पुरुष डबल्सतर्फ डा. धनबहादुर तामाङ र कालु तामाङको जोडी प्रथम तथा बबी केसी र डा. राजनकृष्ण पन्तको जोडी द्वितीय भएको थियो। महिला डबल्सतर्फ रविना भट्ट र अमृता श्रेष्ठको जोडी प्रथम भयो भने कृति राजभण्डारी र नीरा ताल्चाभडेलको जोडीले द्वितीय स्थान हासिल गऱ्यो। भेट्रान डबल्समा भङ्कनाथ ढकाल र बबी केसीको जोडी प्रथम तथा केशवबहादुर केसी र दीर्घबहादुर रावलको जोडी द्वितीय भएको थियो।

यसै गरी, बैंकको वार्षिकोत्सवको उपलक्ष्यमा बैंक कर्मचारीका छोराछोरीको सहभागितामा 'बाल चित्रकला प्रतियोगिता' सम्पन्न भएको छ। यस प्रतियोगिताअन्तर्गत नर्सरी देखि कक्षा-१ समूहतर्फ पयोजा नेपाल प्रथम तथा आहाना श्रेष्ठ, सार्थक मल्ल र सारा तिमिल्सिनाले क्रमशः द्वितीय, तृतीय र सान्त्वना पुरस्कार प्राप्त गर्नुभयो। कक्षा २-४ समूहतर्फ श्रद्धा सिंह प्रथम र अथर्व पौडेल द्वितीय हुनुभयो भने विप्रेशना शर्मा र सद्भाव थापाले क्रमशः तृतीय र सान्त्वना पुरस्कार प्राप्त गर्नुभयो।

यस्तै, कक्षा ५-७ समूहमा सार्थकरत्न महर्जन प्रथम र सहश्री बज्राचार्य द्वितीय हुनुभयो भने अदिति पण्डित र अनुरा श्रेष्ठले क्रमशः तृतीय र सान्त्वना पुरस्कार प्राप्त गर्नुभयो। कक्षा ८-१० समूहतर्फ अनुभा श्रेष्ठ प्रथम र आईशा सुनुवारले द्वितीय पुरस्कार प्राप्त गर्नुभयो भने यारा श्रेष्ठ र आयुष्मान अधिकारीले क्रमशः तृतीय र सान्त्वना पुरस्कार प्राप्त गर्नुभयो। प्रतियोगितामा १८० भन्दा बढी बालबालिकाको सहभागिता थियो।

बैंकको वार्षिकोत्सवका अवसरमा वैशाख १२ गते नेपाल राष्ट्र बैंक उच्च व्यवस्थापन र बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतहरूबीच मैत्रीपूर्ण फुटसल आयोजना भयो भने सोही दिन बैंक परिसर, बालुवाटारमा रक्तदान कार्यक्रम सम्पन्न भयो। सो अवसरमा १२५ जनाले रक्तदान गर्नुभएको थियो। ■

# प्रदेशस्थित कार्यालयमा विभिन्न कार्यक्रम आयोजना

**नेपाल राष्ट्र बैंकको ६९ औँ वार्षिकोत्सवका अवसरमा बैंकका प्रदेशस्थित कार्यालयमा विभिन्न अतिरिक्त क्रियाकलाप, खेलकुद प्रतियोगिता र रक्तदान कार्यक्रम सम्पन्न भएका छन्।**




विराटनगर

## विराटनगर कार्यालय

विराटनगर कार्यालयले विभिन्न कार्यक्रम आयोजना गरी बैंकको ६९ औँ वार्षिकोत्सव मनाएको छ। सो अवसरमा कार्यालयले वैशाख १२ गते 'प्रदेशस्तरीय अन्तरबैंक हाजिरीजवाफ प्रतियोगिता' आयोजना गर्‍यो। १२ वटा बैंकको सहभागिता रहेको उक्त प्रतियोगितामा नेपाल एसबीआई बैंक लिमिटेड प्रथम भयो भने नेपाल बैंक लिमिटेड र स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेडले क्रमशः दोस्रो र तेस्रो स्थान हासिल गरे।

वार्षिकोत्सवकै अवसरमा सो कार्यालयले वैशाख १४ गते प्रभातफेरी कार्यक्रम आयोजना गर्‍यो। सो अवसरमा कार्यालयका कर्मचारीसँगै विराटनगरस्थित बैंक तथा वित्तीय संस्थाका कर्मचारी गरी करिब सात सय जनाको सहभागिता थियो।

वार्षिकोत्सवका अवसरमा विराटनगर कार्यालयमा विभिन्न अतिरिक्त क्रियाकलाप आयोजना भएका छन्। यस क्रममा कर्मचारीहरूबीच फुटसल, ब्याडमिन्टन, टेबलटेनिस र नोट काउन्टिङ प्रतियोगिता सञ्चालन गरिएको थियो। यसै गरी, कार्यालयका पूर्व कर्मचारीहरूबीच म्युजिकल बल र कर्मचारीका छोराछोरीबीच बालचित्रकला प्रतियोगिता आयोजना गरिएको थियो।

वैशाख १४ गते कार्यालयमा आयोजित कार्यक्रममा विजयी टीम र प्रतियोगीलाई पुरस्कार वितरण गरिएको थियो। कार्यक्रमका प्रमुख अतिथि एवम् कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्की र कार्यालयका निर्देशक बुद्धराज शर्माले पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभएको थियो।

वार्षिकोत्सवका अवसरमा वैशाख १० गते कार्यालयमा आयोजित कार्यक्रममा २३ जनाले रक्तदान गरेका थिए।

## पोखरा कार्यालय

बैंकको वार्षिकोत्सवका अवसरमा पोखरा कार्यालयमा विभिन्न कार्यक्रम सम्पन्न भएका छन्। यस क्रममा कार्यालयले वैशाख १४ गते कास्कीका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेको प्रमुख आतिथ्यमा एक कार्यक्रम आयोजना गर्‍यो।




पोखरा



नेपालगञ्ज

सो अवसरमा आयोजित अन्तरइकाइ फुटसल, टेबलटेनिस, ब्याडमिन्टन, बाल चित्रकलासँगै ग्लोबल मनी विक, २०२४ का अवसरमा आयोजित हाजिरी जवाफ र निबन्ध प्रतियोगिताका विजयीहरूलाई पुरस्कार वितरण गरिएको थियो ।

कार्यक्रममा निर्देशक बिना ढकाल पौडेलले समग्र वित्तीय प्रणालीको सुपरिवेक्षकीय भूमिकामा नेपाल राष्ट्र बैंकले गरेका कामकारबाहीबारे चर्चा गर्दै आगामी दिनमा बैंकको भूमिकालाई अझ विशिष्टीकृत गर्दै लैजानुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

सो अवसरमा कार्यालयका कर्मचारी, बैंकका पूर्व कर्मचारी, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, अन्य सरोकारवाला निकायका प्रतिनिधिसहित १३० जनाको उपस्थिति थियो ।

## नेपालगञ्ज कार्यालय

नेपालगञ्ज कार्यालयमा विविध कार्यक्रमको आयोजना गरी बैंकको वार्षिकोत्सव मनाइएको छ । सो अवसरमा कार्यालयले रक्तदान कार्यक्रम, ब्याडमिन्टन (महिला/पुरुष), बुद्धिचाल, भलिबल, बाल चित्रकलालगायतका कार्यक्रम आयोजना गऱ्यो ।

वैशाख १४ गते कार्यालयमा आयोजित कार्यक्रममा विजयी प्रतियोगीलाई पुरस्कार र प्रमाणपत्र प्रदान गरिएको थियो । सो अवसरमा कार्यालयका पूर्व कर्मचारीहरूलाई सम्मानसमेत गरिएको थियो । कार्यक्रममा कार्यालयका निर्देशक देवेन्द्र गौतमले पूर्व कर्मचारीको योगदानको प्रशंसा गर्दै बैंकको प्रतिष्ठा र गरिमालाई उच्च राख्ने गरी जिम्मेवारी बहन गर्न सबै कर्मचारीलाई अपिल गर्नुभयो ।

सो अवसरमा कार्यालयका उप-निर्देशक रामकुमार कार्की, नेपाल राष्ट्र बैंक कर्मचारी सङ्घ, नेपाल वित्तीय संस्था कर्मचारी सङ्घ, नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन, नेपालगञ्ज शाखा समितिका अध्यक्ष, नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघ, नेपालगञ्ज शाखा समितिका अध्यक्ष, कोष तथा लेखा नियन्त्रक कार्यालययका प्रतिनिधिले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

## सुर्खेत कार्यालय

सुर्खेत कार्यालयले ६९ औं वार्षिकोत्सवको अवसरमा विभिन्न कार्यक्रम सम्पन्न गरेको छ । यस क्रममा कार्यालयले वैशाख ८ गते 'कर्णाली प्रदेशस्तरीय तेस्रो अन्तरबैंक फुटसल प्रतियोगिता' आयोजना गऱ्यो । बैंक तथा वित्तीय संस्थाका १७ वटा समूहको सहभागिता रहेको उक्त प्रतियोगितामा ग्लोबल आईएमई र प्रभु बैंक लिमिटेड क्रमशः विजेता र उप-विजेता भएका थिए ।

वार्षिकोत्सवका अवसरमा सुर्खेत कार्यालयका कर्मचारीहरूबीच ब्याडमिन्टन, टेबलटेनिस र म्युजिकल चेयर प्रतियोगिता आयोजना गरिएको थियो । वैशाख १४ गते आयोजित कार्यक्रममा विजयी प्रतियोगीलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो ।



सुर्खेत

# गभर्नर अधिकारी लाइफटाइम एचिभमेन्ट अवार्डबाट सम्मानित

नेपाल चार्टर्ड एकाउण्टेण्ट्स सङ्घले गभर्नर महाप्रसाद अधिकारीलाई 'लाइफटाइम एचिभमेन्ट अवार्ड'बाट सम्मान गरेको छ।

नेपालको आर्थिक तथा वित्तीय क्षेत्रमा गभर्नर अधिकारीले पुऱ्याउनुभएको कदरस्वरूप उहाँलाई उक्त अवार्ड प्रदान गरिएको संघले जनाएको छ। सङ्घद्वारा वैशाख २७ गते काठमाडौंमा आयोजित कार्यक्रममा सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले गभर्नर अधिकारीलाई उक्त अवार्ड प्रदान गर्नुभयो।

नेपालमा चार्टर्ड एकाउन्टेन्टहरूको हकहित संरक्षणको उद्देश्यले २०३४ सालमा गैरनाफामूलक संस्थाको रूपमा सङ्घको स्थापना भएको थियो। हाल उक्त संस्थामा ३,६०० भन्दा बढी सदस्यहरू आबद्ध छन्।




# एसआईएस कार्यान्वयनसम्बन्धी अन्तरक्रिया

भुक्तानी प्रणाली विभागले वैशाख २५ गते काठमाडौंमा 'सुपरिवेक्षकीय सूचना प्रणाली (एसआईएस)' को कार्यान्वयनसम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो।

भुक्तानीसम्बन्धी कारोबार गर्न अनुमतिपत्रप्राप्त भुक्तानी प्रणाली सञ्चालक र भुक्तानी सेवा प्रदायकका प्रतिनिधिको सहभागितामा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो। कार्यक्रममा बैंक सुपरिवेक्षण विभागका उप-निर्देशक डिल्लीराम पोखरेल र भुक्तानी प्रणाली विभागका सहायक निर्देशक सविन श्रेष्ठले एसआईएस प्रणालीको परिचय, यसका विशेषता, रिपोर्टिङ संयन्त्र र रिपोर्टिङमा आउनसक्ने समस्याका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो।

सो अवसरमा कार्यकारी निर्देशक डा. गुणाकर भट्टले भुक्तानी प्रणालीमा देखिएको नवप्रवर्तनसँगै भुक्तानी कारोबारमा समेत वृद्धि भएको उल्लेख गर्दै कारोबारको यथार्थ विवरण प्राप्त भएमा उपयुक्त नीतिगत व्यवस्था तर्जुमा गर्न सहज हुने धारणा राख्नुभयो।

कार्यक्रममा निर्देशकहरू निभा श्रेष्ठ, लक्ष्मीप्रसाद प्रसाई र कृष्णराम धुँजुसँगै अनुमतिपत्रप्राप्त संस्थाका रिपोर्टिङ/अनुपालना अधिकृतहरूको सहभागिता थियो। सो अवसरमा निर्देशक श्रेष्ठले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने उप-निर्देशक पदमराज जोशीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।



## Major Financial Indicators

as on Chait End, 2080 (Mid-Apr, 2024)

| | | Class "A" | Class "B" | Class "C" | Overall |
|---|---|---|---|---|---|
| **A. Credit, Deposit Ratios (%)** | | | | | |
| 1 | Total Deposit/GDP | 101.16 | 11.08 | 2.29 | 114.54 |
| 2 | Total Credit/GDP | 84.20 | 9.27 | 1.81 | 95.27 |
| 3 | Total Credit/ Total Deposit | 83.23 | 83.66 | 78.84 | 83.18 |
| 4 | CD Ratio | 80.75 | 82.80 | 77.45 | 80.88 |
| 5 | Fixed Deposit/Total Deposit | 57.42 | 65.64 | 71.72 | 58.50 |
| 6 | Saving Deposit/Total Deposit | 29.43 | 26.33 | 19.16 | 28.93 |
| 7 | Current Deposit/Total Deposit | 5.80 | 1.64 | 1.14 | 5.31 |
| 8 | Call Deposit/Total Deposit | 6.57 | 6.34 | 7.07 | 6.56 |
| 9 | NPL/ Total Loan^ | 3.89 | 3.63 | 10.40 | 3.98 |
| 10 | Total LLP /Total Loan | 4.51 | 3.89 | 9.35 | 4.54 |
| 11 | Deprived Sector Loan/Total Loan $^ | 6.12 | 8.63 | 7.11 | 6.38 |
| **B. Liquidity Ratios (%)** | | | | | |
| 1 | Cash & Bank Balance/Total Deposit | 8.27 | 6.85 | 8.63 | 8.14 |
| 2 | Investment in Gov. Securities/Total Deposit | 18.45 | 15.78 | 17.76 | 18.17 |
| 3 | Total Liquid Assets/Total Deposit | 28.02 | 25.31 | 33.56 | 27.87 |
| **C. Capital Adequacy Ratios (%)** | | | | | |
| 1 | Core Capital/RWA | 9.68 | 10.12 | 12.88 | 9.78 |
| 2 | Total Capital/RWA | 12.50 | 13.01 | 14.90 | 12.59 |
| **D. Financial Access** | | | | | |
| 1 | No. of institutions | 20 | 17 | 17 | 54 |
| 2 | No. of Branches | 5,042 | 1,135 | 288 | 6,465 |
| 3 | No. of Deposit Accounts | 46,892,032 | 6,996,942 | 856,613 | 54,745,587 |
| 4 | No.of Loan Accounts | 1,554,703 | 289,499 | 42,697 | 1,886,899 |
| 5 | No. of Branchless Banking Centers | 1,178 | 17 | - | 1,195 |
| 6 | No. of Branchless Banking Customers | 311,652 | 1,586 | - | 313,238 |
| 7 | No. of Mobile Banking Customers | 20,663,461 | 3,203,808 | 186,360 | 24,053,629 |
| 8 | No. of Internet Banking Customers | 1,334,692 | 555,027 | 15,054 | 1,904,773 |
| 9 | No. of ATMs | 4,704 | 348 | 44 | 5,096 |
| 10 | No. of Debit Cards | 11,606,180 | 1,046,252 | 62,429 | 12,714,861 |
| 11 | No. of Credit Cards | 282,889 | 1,783 | - | 284,672 |
| 12 | No. of Prepaid Cards | 163,548 | 1,784 | - | 165,332 |
| **E. Interest Rate(%)** | | | | | |
| 1 | **Wt. Avg Interest Rate on Deposit** | **6.53** | | | |
| | (a) Saving | 4.01 | | | |
| | (b) Fixed | 8.72 | | | |
| | (c) Call | 1.70 | | | |
| 2 | **Wt. Avg Interest Rate on Credit** | **10.55** | | | |

**Note:**

Bank balance includes money at call

Nominal GDP for 2022/23(P) stands at Rs. 5,381,335 million (Source: https://cbs.gov.np/national-accounts-statistics-of-nepal-2022-23-annual-estimates/)

Negative core capital has been excluded in calculation of Capital Adequacy Ratios

$ 6 months prior Total Loan has been used to calculate Deprived Sector Lending Ratio

^Data as on Chaitra end of FY2080/81 (2023/24)

# जोखिम व्यवस्थापनसम्बन्धी गोष्ठी सम्पन्न




संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागले जेठ २ गते जोखिम व्यवस्थापनसम्बन्धी कार्यशाला गोष्ठी आयोजना गऱ्यो।

विभिन्न विभाग/कार्यालयका जोखिम व्यवस्थापन अधिकृतहरूको सहभागितामा विभागले उक्त गोष्ठी आयोजना गरेको हो। कार्यक्रमको पहिलो सत्रमा उप-निर्देशक खगेश्वर भण्डारीले 'नेपाल राष्ट्र बैंकमा जोखिम व्यवस्थापन' र उप-निर्देशक आलोकज्योती शाक्यले जोखिम रजिष्टरको तयारीसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो।

सो अवसरमा विभागका कार्यकारी निर्देशक ऋषिकेश भट्टले जोखिम व्यवस्थापनका सन्दर्भमा सङ्क्षिप्त मन्तव्य दिनुभयो। विभागका निर्देशक विनोदराज आचार्यले स्वागत मन्तव्य राख्नुभयो भने अर्का निर्देशक हिमप्रसाद न्यौपाने कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो। सहायक निर्देशक अस्मिता खनालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# नेपालगञ्जमा समसामयिक विषयमा अन्तरक्रिया

नेपालगञ्ज कार्यालयले वैशाख ६ गते बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरूसँग समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो।



कार्यालयका निर्देशक देवेन्द्र गौतमको संयोजकत्वमा आयोजित कार्यक्रममा नोट सर्टिङ, सफा नोट नीतिको कार्यान्वयन, विदेशी मुद्रा सटही सुविधालगायतका विषयमा छलफल भएको थियो। सो अवसरमा निर्देशक गौतमले सहभागीबाट राखिएका जिज्ञासाको जवाफ दिँदै राष्ट्र बैंकले जारी गरेका नीतिगत व्यवस्थाको कार्यान्वयन गर्न निर्देशन दिनुभयो।

कार्यालयका उप-निर्देशक लवली श्रीवास्तवले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने सहायक निर्देशक दीपेश यादवले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न

विराटनगर कार्यालयले वैशाख ४ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। सो अवसरमा कार्यालयका निर्देशक बुद्धराज शर्माले 'Macro Prudential Policies in Nepal' विषय वार्ता प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले म्याक्रो प्रुडेन्सियल नीतिसम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास, नेपालमा यसको अभ्यास र सान्दर्भिकता, यसको प्रभाव र चुनौतीका विषयमा जानकारी दिनुभएको थियो।

यसै गरी, गभर्नरको कार्यालयले वैशाख २६ गते भर्चुअल माध्यममार्फत ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। सो अवसरमा आर्थिक अनुसन्धान विभागका निर्देशक डा. राजनकृष्ण पन्तले 'Inflation Measurement by Nepal Rastra Bank' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले नेपालको मुद्रास्फीति मापनको पद्धति, मूल्य तथ्याङ्क सङ्कलन र प्राप्त गर्ने संयन्त्र, तथ्याङ्कको विश्लेषण र गणना, मूल्य सूचकाङ्क प्रकाशनलगायतका विषयमा जानकारी दिनुभयो। कार्यक्रममा विभिन्न विभाग/कार्यालयका २०० भन्दा बढी कर्मचारीको सहभागिता थियो। ■



# मुद्रा व्यवस्थापनसम्बन्धी तालिम सम्पन्न



बैंकर्स प्रशिक्षण केन्द्रले वैशाख १६ देखि १८ गतेसम्म भक्तपुरको बोडेमा 'Currency Management in Nepal' विषयक सहायकस्तरीय तालिम कार्यक्रम सम्पन्न गरेको छ।

नेपाल राष्ट्र बैंकबाट सम्पादन हुने मुद्रा तथा नगदसम्बन्धी कारोबारका सैद्धान्तिक पक्षका साथै मुद्रा व्यवस्थापन विभाग र प्रदेशस्थित कार्यालयमा हुने दैनिक नगदसम्बन्धी कारोबार तथा मुद्रा व्यवस्थापन विभाग र बैंकिङ विभागसँगको अन्तर विभागीय सम्बन्धबारे जानकारी दिने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको केन्द्रले जनाएको छ।

कार्यक्रममा बैंकिङ विभागका सात, मुद्रा व्यवस्थापन विभागका चार, विराटनगर र सिद्धार्थनगर कार्यालयका तीन-तीन, टक्सार महाशाखा, जनकपुर, वीरगञ्ज, पोखरा, नेपालगञ्ज र धनगढी कार्यालयका दुई-दुई जना तथा भुक्तानी प्रणाली विभाग र सुर्खेत कार्यालयबाट एक-एक गरी कुल ३१ जना प्रशिक्षार्थीको सहभागिता थियो। सो अवसरमा सहभागीलाई नेपालमा मुद्रा व्यवस्थापन, यसको कानुनी र नियामकीय संरचना, बैंक नोटका सुरक्षण विशेषता, फन्ड ट्रान्सफर र ढुकुटी व्यवस्थापन, नोटकोष व्यवस्थापन, हिसाब मिलानलगायतका विषयमा प्रशिक्षण दिइएको थियो। ■

*प्रकाशक*

**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**

**सूचना तथा सञ्चार महाशाखा**

बालुवाटार, काठमाडौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०/३६२

इमेल : samachar@nrb.org.np,

वेबसाइट : www.nrb.org.np

*सम्पादक*

**डा. भागवत आचार्य**

*सम्पादन सहयोगी*

सविन ओली

लालकुमार सुवेदी

नवीना ताम्राकार

*ले-आउट*

संजीव दाहाल